# उर्लाबारी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ६ सङ्ख्या : ११ मिति : चैत्र २५, २०८०

# भाग - २

## उर्लाबारी नगरपालिका, मोरङ

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी उर्लाबारी नगरपालिकाबाट सर्वसाधारणको जानकारीका लागि यो राजपत्र प्रकाशन गरिएको छ ।

## स्थानीय वातावरण संरक्षण तथा पर्यापर्यटन सम्बन्धी कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।१२।२५

# उर्लाबारी नगरपालिका,

# स्थानीय वातावरण संरक्षण तथा पर्यापर्यटन सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावनाः**

जैविक विविधता, जलाधार, जीवजन्तु, वनस्पति जस्ता प्राकृतिक श्रोत र साधनयुक्त तथा मौलिक सांस्कृतिक मूल्य, मान्यताको धनी यस उर्लाबारी नगरपालिका क्षेत्रको वातावरण र भू-स्थितिको संरक्षण एवम् पर्यापर्यटन विकासको बृहत्तर सम्भावनालाई मूर्तरुप दिन, यस क्षेत्रको सामाजिक तथा सांस्कृतिक मूल्य र मान्यताको संरक्षण र प्रबर्द्धन गर्न तथा दिगो विकासको अवधारणलाई केन्द्रबिन्दुमा राखी यस क्षेत्रको पर्यावरण स्वच्छ, सफा र सुरक्षित राख्ने लक्ष्य पुरा गर्न, वातावरणमैत्री पर्यापर्यटकीय महत्वको क्षेत्रको रुपमा विकास गरी यस क्षेत्रको समग्र आर्थिक स्तरोन्नतिमा टेवा पुर्याउन, जैविक विविधता, जलाधार, जीवजन्तु, वनस्पति जस्ता प्राकृतिक श्रोत र साधनको संरक्षण गर्न आवश्यक देखिएको छ ।

नगर क्षेत्रमा आठवटा सामुदायिक वनहरु हुनाले वनमा आस्रित बिपन्न समुदायको आर्थिक, समाजिक स्तरोन्नतीमा योजनाबद्ध कार्यको थालनी गर्नु पर्ने आवश्यकता, नगरपालिकासँगको समन्वय र सहकार्यमा नगर क्षेत्रमा सामुदायिक वनहरुले स्वीकृत नीति तथा कार्यक्रमहरुको परिधिमा रहि आफ्ना कार्यहरुलाई नियमित गर्न, वन उद्यम तथा पर्यापर्यटन बिकासका लागी सम्भाबित सामुदायिक वन क्षेत्रहरुको पहिचान गरी वनजन्य उद्यम तथा पर्यापर्यटन बिकासका कार्यक्रहरुलाई योजनाबद्ध रुपमा प्रभावकारी कार्यसम्पादन, आवश्यकता बमोजिमको लगानि ब्यवस्थापन र प्रतिफलको

बाँडफाँड गरी दिगोपनामा ध्यान दिई बिकासको एकद्धार प्रणालिलाई अवलम्बन गर्न वाञ्छनीय भएको साथै वन ऐन २०७६ को दफा (३४) को व्यवस्था, नेपालको संविधानको धारा ५७ को उपधारा (४) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (११) ले दिएको अधिकारलाई प्रयोग गरी उर्लाबारी नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **स्थानीय वातावरण संरक्षण तथा पर्यापर्यटन सम्बन्धी कार्यविधि**, २०८० रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात लागू हुनेछ ।

२. **परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "**नगरपालिका**" भन्नाले उर्लाबारी नगरपालिकालाई सम्झनुपर्छ ।

(ख) "**कार्यपालिका**"भन्नाले उर्लाबारी नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(ग) "**वडा समिति**" भन्नाले उर्लाबारी नगरपालिकाको वडा समितिलाई सम्झनुपर्छ ।

(घ) "**प्रमुख**" भन्नाले उर्लाबारी नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(ङ) "**उपप्रमुख**" भन्नाले उर्लाबारी नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ ।

(च) "**वडा अध्यक्ष**" भन्नाले उर्लाबारी नगरपालिका वडाको वडा अध्यक्षलाई सम्झनुपर्छ ।

(छ) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले उर्लाबारी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ज) "**सभा**" भन्नाले उर्लाबारी नगरपालिकाको नगरसभालाई सम्झनुपर्छ ।

(झ) "**कार्यविधि**" भन्नाले उर्लाबारी नगरपालिकाको स्थानीय वातावरण संरक्षण तथा पर्यापर्यटन सम्बन्धी कार्यविधि, २०८० सम्झनुपर्छ ।

(ञ) "**निर्देशक समिति**" भन्नाले यस कार्याविधिको दफा ११ बमोजिम गठन भएको निर्देशक समिति सम्झनुपर्छ ।

(ट) "**पर्यापर्यटन**" भन्नाले प्रकृतिको मनोरञ्जन लिने वा प्रकृति र जैविक विविधता संरक्षणका निमित्त गरिने कार्य सम्झनुपर्छ ।

(ट) "**पर्यापर्यटक**" भन्नाले पर्यटकीय उद्देश्यले प्रकृतिको मनोरञ्जन लिने वा प्रकृति र जैविक विविधता संरक्षणका निमित्त वातावरणीय खोज अनुसन्धानका लागि आउने स्वदेशी, विदेशी तथा गैर आवासीय नेपाली नागरिकलाई सम्झनुपर्छ ।

(ठ) "**जैविक विविधता**" भन्नाले परिस्थितिकीय (इकोसिस्टम) प्रणालीको विविधता, प्रजातीय विविधता (स्पेसिस डाईभरसिटी) तथा वंशाणु विविधता (जेनेटिक डाईभरसिटी) सम्झनुपर्छ ।

(ड) "**प्रदुषण**" भन्नाले फोहोरमैला रसायन, ताप, ध्वनी, विद्युतीय चुम्बकीय तरंग वा रेडियोधर्मी विकिरणका कारण वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने,

क्षति पुर्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि पुर्याउने काम सम्झनुपर्छ ।

(ढ) **"फोहोरमैला"** भन्नाले वातावरणमा ह्रास आउनेगरी निष्कासन गरिएको तरल, ठोस, ग्याँस, लेदो, धुँवा, धुलो, विकिरणयुक्त पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तु सम्झनुपर्छ ।

(त) **"वन"** भन्नाले सामुदायिक वन, साझेदारी वन, राष्ट्रिय वन, कवुलियति वन, धार्मिक वन र निजि वनलाई समेत सम्झनुपर्छ ।

## परिच्छेद-२

## वातावरण र जैविक विविधता संरक्षण सम्बन्धी व्यवस्था

**३. वातावरण तथा जैविक विविधता सम्बन्धी व्यवस्थाः** नगरपालिकाले पर्यावरण र जैबिक बिबिधता संरक्षण तथा सरसफाईका निमित्त निम्न बमोजिम कार्य गर्नेछ ।

(क) जैबिक वातावरणमा परिस्थिकीय प्रणाली, प्रजाति बिबिधता तथा बंशाणुगत बिबिधता बीच सन्तुलन कायम राख्न जैबिक बिबिधताको संरक्षण गर्ने,

(ख) पूर्बाधार बिकासमा अत्याधुनिक उपकरणलाई निरुत्साहन गर्दै त्यस्ता क्षेत्रमा रहेका प्राणी, वनस्पति तथा सुक्ष्म जिवाणुको वातावरणको अन्तरसंवन्धलाई मजबुद बनाउन आबश्यक कार्य गर्ने,

(ग) बढ्दो जलबायु परिवर्तन तथा प्रदुषणको नियन्त्रण गर्न बृक्षारोपण, जलाधार संरक्षण गरी नगरपालिका क्षेत्रलाई कार्बन न्यूनिकरण, प्राङ्गारीक, वातावरणमैत्रि एवं हरित क्षेत्रको रुपमा बिकास गर्ने,

(घ) नगरपालिका क्षेत्रभित्र रहेका सिमसारहरुको संरक्षण र सम्बर्द्धन र उचित सदुपयोग गर्दै रोजगारीका अबसर सिर्जना गर्न र आय आर्जनमा बृद्धि गरी निम्न बर्गका समुदायको जिविकोपार्जनमा सुधार र पारिस्थितिकीय प्रणालीमा सन्तुलन कायम गर्ने,

(ङ) नगरपालिकाको भौगोलिक बिबिधतालाई यस क्षेत्रका स्थानीय सरोकारवाला तथा सामुदायिक वनका उपभोक्ता समितिका पदाधिकारीहरु बीच सहकार्य र समन्वयय गरी पर्यापर्यटन संचालन गर्ने,

## ४. प्रकृतिमैत्री पूर्वाधार सम्बन्धी व्यवस्थाः

(क) नगरपालिकाले यस क्षेत्रको जैबिक बिबिधता, सामाजिक सास्कृतिक महत्वका ताल तलैया, पर्यावरण, सिमसार तथा जलाधार क्षेत्रको सौन्दर्यीकरणलाई वातावरणमैत्रि, आकर्षक र आन्तरीक तथा बाह्य पर्यापर्यटकको लागि सुविधायुक्त बनाउन संवन्धित क्षेत्रको गुरुयोजना अनुसार पूर्बाधार बिकासको लागी अनुमति प्रदान गर्ने,

(ख) उपदफा (क) बमोजिम बिकास वा निर्माण कार्यले नगरपालिका क्षेत्रका वातावरण जैबिक बिबिधता, पर्यावरण, पारिस्थितिकीय प्रणालीमा कुनै पनि नकारात्मक असर नपुर्याउने कुरा पर्यापर्यटन संचालन समितिले सुनिश्चित गर्नुपर्ने,

(ग) नगरपालिका क्षेत्रमा पर्यापर्यटन बिकासका पूर्बाधार निर्माण गर्दा नगरपालिकाले तोकेको मापदण्ड बमोजिम साथै सम्बन्धित समूहको वन विकास कार्ययोजनामा समावेश तथा स्वीकृत गरी पर्यापर्यटन संचालन समितिले कार्य गर्नुपर्ने,

(घ) पूर्वाधार विकास तर्फको कार्यक्रम सञ्चालन गर्दा नगरपालिकाबाट आवश्यकता र कानून बमोजिम ठेक्का प्रणालीको अवलम्बन गर्नुपर्ने ।

**५. जैविक साँस्कृतिक सम्पदा संरक्षित पयापर्यटकीय क्षेत्र घोषणा गर्न सकिनेः**

(क) नगरपालिकाले नगरपालिका भित्रका विभिन्न क्षेत्रलाई आबश्यक्ता र औचित्यताका आधारमा जैविक सास्कृतिक सम्पदा संरक्षित सिमसार क्षेत्र घोषणा गरी यस क्षेत्रको जैबिक, सास्कृतिक सम्पदा र पर्यावरणको संरक्षण गर्ने,

(ख) उपदफा (क) बमोजिम घोषणा भएका क्षेत्र भित्र मोटर बाटो रहित, प्रदुषण रहित, बाताबरणमैत्रि, आदिम धार्मिक तथा सास्कृतिक महत्व वोकेका सास्कृतिक तथा बिशिष्ट जैविक बिबिधतायुत्त प्राकृतिक पर्यापर्यटक क्षेत्र हुनेछ,

(ग) यस कार्यबिधि बमोजिम घोषणा भएका बिशेष क्षेत्रको संचालन तथा जैबिक बिबिधता र वातावरण संरक्षणमा निर्देशक समितिको सिफारिसमा नगरपालिका आफैले वा साझेदारी पर्यापर्यटन सचालनबाट प्राप्त रकम, नेपाल सरकार, प्रदेश सरकार, अन्य सरकारी गैह्सरकारी संघ संस्थाबाट प्राप्त भएको रकम लगानी गर्नेछ ।

## ६. पर्यापर्यटन संचालन निर्देशक समिति निर्माणको औचित्य तथा उद्धेश्यः

(क) गुरुयोजना अनुसारका पूर्वाधार निर्माण गर्न तथा वातावरणमैत्री विकासको सुरुवात गर्न निर्देशन दिने,

(ख) बिस्तृत परियोजना प्रतिवेदनका आधारमा योजनाबद्ध पर्यापर्यटन बिकासका कार्यहरुको थालनि गर्ने

(ग) पर्यापर्यटन ब्यावसायलाई नगरपालिका तथा सामुदायिक बन उपभोक्ता समूहको बैकल्पिक आयस्रोतको रुपमा स्थापित गर्ने,


(घ) वनको दिगो ब्यवस्थापन तथा पर्यावरण संरक्षण,

(ङ) स्थानीय क्षेत्रको पहिचान, धार्मिक कला सँस्कृतिको सम्बर्द्धन तथा प्रबर्द्धन,

(च) पर्यापर्यटन बिकासका माध्यमबाट रोजगारी श्रृजना,

(छ) सामुदायिक बनहरुको समन्वयमा बनजन्य उद्यमको माध्यमबाट सोही क्षेत्रका बिपन्न समुदायको आर्थिक स्तरोन्नती गर्ने ।

## ७. योजना सञ्चालनका लागि साङगठानिक ढाँचाः



**८. स्रोत तथा लगानी बाडफाडँको प्रारुपः**

(क) नगरपालिकाको आफ्नै स्रोत बाट प्राप्त हुने आम्दानी,

(ख) सामुदायिक बनहरुबाट प्राप्त हुने कर तथा सम्झौता अनुसारको आम्दानिको हिस्सा,

(ग) उर्लाबारी नगरपालिकाले DPR बमोजिमको योजना सञ्चालनका लागी आर्थिक स्रोतको ब्यवस्थापन गर्ने साथै नेपाल सरकार, प्रदेश सरकार र सम्बन्धित निकायहरुमा लगानि ब्यवस्थापनका लागी पहल गरी स्रोतको पहिचान गर्ने,

(घ) सामुदायिक बन समूहले समेत आन्तरीक तथा बाह्य आर्थिक स्रोतको यथासक्य ब्यवस्थापन गर्ने,

(ङ) सामुदायिक बनहरुले पर्यापर्यटन क्षेत्रबाट हुने आम्दानीको ४० प्रतिशत रकम नगरपालिकाको खातामा जम्मा गर्ने ।

**९. आर्थिक तथा प्रशासनिक प्रारुपः**

(क) पर्यापर्यटनतर्फको सम्पुर्ण आम्दानी तथा खर्चको विवरण लेखा तथा अनुगमन समितिले हेर्ने र अनुगमन गर्ने,

(ख) नगरपालिका र सामुदायिक वन समूहबाट प्रमाणिकरण गरेका बिलहरु मात्र प्रयोग गर्ने,

(ग) लेखा अभिलेखिकरणका लागी स्वीकृति प्राप्त सफ्टवेयरको प्रयोग समेत गर्न सक्ने ।

(घ) चौमासिकरुपमा आम्दानी तथा खर्च सार्वजनिक गर्ने ।

(ङ) वार्षिकरुपमा लेखापरीक्षण नगरपालिकाले तोकेको व्यक्ति/संस्थाबाट गर्ने ।

**११. निर्देशक समितिको गठन प्रक्रियाः** नगरपालिकामा देहाय बमोजिमको निर्देशक समिति गठन गरिने छ ।

(क) नगर प्रमुख - अध्यक्ष

(ख) पर्यापर्यटन कार्यक्रम सञ्चालन हुने वडाहरु मध्येबाट नगर प्रमुखले तोकेको वडा अध्यक्ष १ जना - सदस्य

(ग) नगरपालिका भित्रका ८ वटा सामुदायिक वनमा पर्यापर्यटन बिकासको सम्भावना बोकेका समूहका पदाधिकारी मध्ये नगर कार्यपालिकाले मनोनित गरेको १ महिला सहित २ जना - सदस्य

(घ) सामुदायिक बन नगर महासंघबाट पर्यापर्यटन बिकासका जानकार मध्ये नगर कार्यपालिकाले मनोनित गरेको १ जना - सदस्य

(ङ) नगर कार्यपालिकाले मनोनित गरेको पर्यटन बिज्ञ १ जना - सदस्य

(च) सम्बन्धित क्षेत्रको सब डिभिजन बन कार्यालयको प्रमुख - सदस्य

(छ) नगरपालिकामा कार्यरत पुर्बाधार शाखाको इन्जिनियर १ जना सदस्य - सदस्य

(ज) सामुदायिक वन समूहका उपभोक्ताहरु मध्ये नगर कार्यपालिकाले मनोनयन गरेको १ महिला सहित २ जना - सदस्य

(झ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

## १२. निर्देशक समितिको काम, कर्तव्य र अधिकारः

(क) उर्लाबारी नगर क्षेत्रका सबै सामुदायिक बनहरुमा बनजन्य उद्यम तथा पर्यापर्यटन बिकासका सम्भावनाहरुको पहिचान गरी आवश्यक्ता अनुरुप गुरुयोजना निर्माणमा सहयोग गर्ने ।

(ख) सामुदायिक बन समूहद्धारा बार्षिक रुपमा सञ्चालन हुने योजना तथा कार्यक्रमहरुको प्रभाबकारीताको अनुगमन मुल्याङकन गरी नियमानुसार गर्न निर्देशनात्मक सुझाब दिने ।

(ग) पर्यापर्यटन बिकासका लागी स्रोतहरुको खोजी गरी लगानिको वातावरण तयार गर्नका साथै योजना सञ्चालन ब्यवस्थापनमा समितिलाई निर्देशन गर्ने ।

(घ) सामुदायिक बन समूहहरुको समस्या समाधानमा सहजिकरण गर्ने ।

(ङ) सामुदायिक वन समूह, व्यवस्थापन समिति र लेखा तथा अनुगमन समितिलाई आवश्यक निर्देशन दिने ।

## १३. पर्यापर्यटनका योजना सञ्चालनका लागी ब्यवस्थापन समिति गठन प्रक्रियाः

नगरपालिकामा पर्यापर्यटन योजना सञ्चालनका लागि देहाय बमोजिमको व्यवस्थापन समिति गठन गरिनेछ ।

(क) समूहको पदाधिकारी मध्ये सम्बन्धित समूहसँगको परामर्शमा निर्देशक समितिले तोकेको १ जना पदाधिकारी - संयोजक

(ख) वडा समितिले सिफारिस गरेको १ जना वडा सदस्य - सदस्य

(ग) सम्बन्धित क्षेत्रको सब डिभिजन वन कार्यालयको

प्रतिनिधि १ जना - सदस्य

(घ) सामुदायिक वनको सदस्य वा उपभोक्ताहरु मध्ये समूहले मनोनित गरेको २ महिला सहित ३ जना - सदस्य

(ङ) नगर कार्यपालिकाको कार्यालयको कर्मचारी प्रतिनिधि १ जना- सदस्य

(च) निर्देशक समितिले तोकेको सम्बन्धित क्षेत्रका संघसंस्थाका प्रतिनिधि १ जना - सदस्य

(छ) सामुदायिक वन समूहले तोकेको पदाधिकारी मध्ये १ जना - सदस्य सचिव

**१४. पर्यापर्यटनका योजना सञ्चालनका लागी ब्यवस्थापन समितिका काम, कर्तब्य र अधिकारहरुः**

(क) विस्तृत परियोजना प्रतिवेदन **(DPR)** ले निर्दिष्ट गरेको स्बिकृत बन कार्ययोजनामा उल्लेखित योजनाहरु कार्यन्वयन गर्ने ।

(ख) निर्देशक समिति साथै सम्बन्धित निकायहरुमा चौमासिक रुपमा र आवश्यकता अनुसार कार्यको प्रगति बिबरण पेश गर्ने ।

(ग) निर्देशन समितिको समन्वयमा आवश्यक कर्मचारीको ब्यवस्थापन गर्ने ।

(घ) निर्देशन समितिको समन्वय र सहकार्यमा पर्यापर्यटन सम्बन्धि बिभिन्न क्रियाकपलापहरुको पहिचान र शुल्क निर्धारण गर्न समूहलाई सहयोग गर्ने ।

(ङ) समूहले सञ्चालन गर्ने पर्यापर्यटन ब्याबसायको अनुगमन गर्ने र आवश्यक सुझाब दिने ।

(च) निर्देशक समिति, बन समूह तथा सम्बन्धित अन्य निकायहरु सँग आवश्यक समन्वय गरी अन्य कार्यहरु गर्ने ।

**१५. लेखा तथा अनुगमन समितिः** पर्यापर्यटन ब्यवस्थापन समिति वा सामुदायिक वनको लेखा हेर्ने कर्मचारी वा पदाधिकारीहरुलाई अभिलेखीकरण तथा लेखा ब्यवस्थापन सम्बन्धि आवश्यक तालिम दिई आम्दानि तथा खर्चको स्पष्ट बिबरण दोहोरो लेखा प्रणालिको माध्यमबाट लेखा राख्ने प्रणालिको बिकास गरीने छ । सफ्टवेयरका माध्यमबाट समेत लेखा राख्न सकिनेछ । सामुदायिक बन समूहको निर्वाचन बाट बनेको लेखा समितिलाई नै लेखा तथा अनुगमन समितिको रुपमा रहने ब्यवस्था गरी निर्देशक समितिको सल्लाह सुझाब तथा अनुगमनमा लेखा तथा अनुगमन समितिले पारदर्शि ढङगले कार्य गर्नेछ ।

## परिच्छेद-३

## पर्यापर्यटनमा साझेदारी सम्बन्धी व्यवस्था

**१६. पर्यापर्यटनमा साझेदारी सम्बन्धी व्यवस्थाः (१)** उर्लाबारी नगरपालीकाको स्थानीय वन ऐन २०८० को परिच्छेद ६ को दफा २९ मा भएको ब्यवस्था बमोजिम सम्बन्धित निकायको स्विकृतीमा वनक्षेत्रमा साझेदारीमा पर्यापर्यटन कार्य संचालन गर्न सकिनेछ । तत् बमोजिम देहायको अबस्थामा वन उपभोक्ता समूहसँग साझेदारीको नीति अवलम्वन गरी कार्यकम अगाडी बढाइनेछ ।

क. वन उपभोक्ता समूहले आफ्नो वार्षिक कार्ययोजनामा साझेदारी संबन्धि ब्यवस्था उल्लेख गरेको हुनुपर्ने,

ख. निर्देशक समितिले स्थलगत अध्यन, अबलोकन गर्दा पर्यापर्यटनको लागि उपयुक्त ठहर गरेको हुनुपर्ने,

ग. नगरपालिकाको स्रोतबाट हुने पूर्बाधार निर्माण कार्यमा वन उपभोक्ता समूहको समेत लगानी हुनुपर्ने,

घ नेपाल सरकार, प्रदेश सरकार तथा अन्य सरकारी संघ संस्थाबाट पर्यापर्यटन संचालनका लागि छुट्टै व्यवस्था उल्लेख भएको अवस्थामा सोही कानुनले तोके बमोजिम हुने,

ङ. बनक्षेत्र अन्तरगतका खाली ठाउँमा उद्यम बिकासका लागि साना किसिमका प्रदुषण रहित उद्योगहरु मात्र संचालन गर्न सकिनेछ ।

च. सरोकारवाला पक्षको सहमति लिई उपभोक्ता हितलाई मध्यनजर गरी वनसँग ५० प्रतिशत लागत साझेदारीमा बनक्षेत्र भित्र खाली रहेका स्थानहरुमा हुर्किरहेका बिरुवाहरुमा असर नपर्नेगरी उपभोक्ताको आर्थिक स्तर अभिबृद्धि हुने किसिमका कृषि उद्यम उन्मुख खेति गर्न सकिनेछ ।

छ. बन्य जन्तु तथा जंगली जनावारको सुरक्षित वासस्थान र आहारालाई समेत उचित व्यबस्थापन गर्न साझेदारीमा आवश्यक कार्यक्रम ल्याउनु पर्नेछ ।

ज. पर्यापर्यटन क्षेत्रभित्र प्रचलित कानुनले वर्जित गरेका क्रियाकलाप गर्न पूर्णरुपमा रोक लगाइनेछ र त्यसको निगरानी नगरपालिकाको समन्वयमा वन उपभोक्ता समूहले गर्नुपर्नेछ ।

झ. उपदफा (ज) मा उल्लेख भएबमोजिमको संलग्न पर्यापर्यटकलाई आबश्यक कार्यवाहीको लागि वन उपभोक्ता समूहले तत्कालै निर्देशक समितिलाई सिफारीस गर्नुपर्नेछ ।

ञ. पर्यापर्यटन संचालन गर्न चाहाने सामुदायिक वन उपभोक्ता समूहले अनुसूची-१ बमोजिमको फाराम भरी साधारणसभाको निर्णय सहितको निबेदन दिनुपर्नेछ । सो उपर निर्देशक समितिले आबश्यक निर्णय गरी अनुमोदनको लागि कार्यपालिकामा सिफारिस गर्नेछ ।

ट. साझेदारी संझौतापत्र अनुसूची-२ बमोजिमको ढाँचामा प्रमुख प्रशासकीय अधिकृत र सामुदायीक वन उपभोक्ता समूहका अध्यक्ष बीचमा हुनेछ र सोको जानकारी प्रमुख प्रशासकीय अधिकृतले नगरप्रमुखलाई दिनु पर्नेछ ।

ठ. पर्यापर्यटन कार्यक्रमको प्रशासनिक खर्च सम्बन्धित सामुदायिक वनले ६० प्रतिशत र नगरपालिकाले ४० प्रतिशत व्यहोर्नु पर्नेछ ।

१७. **शुल्क निर्धारण सम्बन्धी व्यबस्थाः** पर्यापर्यटन निर्देशक समितिले सबै क्षेत्रमा औचित्यता र आवश्यकता हेरी पर्यापर्यटकको शुल्क निर्धारण गर्नेछ । शुल्क निर्धारण गर्दा बिशिष्ट व्यक्तिहरुको भ्रमण, राष्ट्रिय तथा अन्तराष्टिय दातृ संघ संस्थाको भ्रमण, वन उपभोक्ता समूहका पदाधिकारी, संबन्धित बन

उपभोक्ता, स्थानीयहरु लगायत निर्देशक समितिले सिफारीस गरेका व्यक्तित्वको हकमा अलगै निर्णय लिन सकिनेछ ।

**१८. जनशक्ति व्यवस्थापनः** निर्देशक समिति र वन उपभोक्ता समितिको निर्णयबाट खर्चको स्रोत सुनिश्चित गराई आवश्यक जनशक्ति व्यवस्थापन गरिनेछ ।

## परिच्छेद-४
## विविध

**१९. संशोधनः** यस कार्यविधिमा संशोधन गर्न आवश्यक ठानेमा निर्देशक समितिको सिफारिसमा नगर कार्यपालिकाले निर्णय गर्न सक्नेछ ।

**२०. खारेजी र बचाउः** निर्देशक समितिको बहुमत निर्णय सहितको सिफारिसमा नगर कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार सुधार तथा संशोधन र खारेजी गर्न सक्नेछ ।

# अनुसूची-१

नियम १६ को (ञ) सँग सम्बन्धित

## साझेदारीमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न ईच्छुक सामुदायिक वन उपभोक्ता समूहले दिने आवेदन पत्रको ढाँचा

मितिः....................

श्री नगर प्रमुखज्यू,
उर्लाबारी नगरपालिका,
उर्लाबारी, मोरङ ।

**विषयः प्रस्तावना पेश गरिएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा उर्लाबारी नगरपालिकाको स्वीकृत कार्यक्रम अनुसार ............. उद्देश्यका लागि पर्यापर्यटन साझेदारी कार्यक्रम कार्यान्वयन गर्न यस ............. सामुदायिक वन उपभोक्ता समूह ईच्छुक रहेको हुँदा प्रस्तावना पेश गरिएको छ ।

**निवेदकः**

**संलग्न कागजातहरुः**

१. प्रस्तावना पत्र,

२. संस्थाको कागजातहरुः

   क. संस्था दर्ता, नवीकरण प्रमाण पत्रको प्रतिलिपि,

   ख. अघिल्लो दुई आर्थिक वर्षको लेखापरीक्षणको प्रतिवेदन,

   ग. कर चुक्ता प्रमाण पत्र,

घ. संस्थाको विधान, साधारसभाको प्रतिवदेन,

ङ. लागत साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्न सक्ने पर्याप्त आधार देखिने कागजात र प्रतिबद्धता पत्र,

च. नगरपालिकाको स्थानीय वातावरण संरक्षण तथा पर्यापर्यटन सम्बन्धी कार्यविधि, २०८० पूर्णरुपमा पालना गर्ने प्रतिबद्धता पत्र,

छ. साझेदारी कार्यक्रम सञ्चालन गर्ने कार्य समितिको निर्णय,

ज. आयोजना/कार्यक्रमबाट प्राप्त हुने मापन योग्य प्रतिफल वा लाभको अनुमानित विवरण,

झ. कार्यालयले आवश्यक ठानेका अन्य कागजातहरु ।

# अनुसूची-२

## साझेदारी कार्यक्रम सम्झौताको ढाँचा

पर्यापर्यटन सम्बन्धी साझेदारी कार्यक्रम सञ्चालनका लागि उर्लाबारी नगरपालिका र ............... सामुदायिक वन उपभोक्ता समूह बिचको

**साझेदारी सम्झौता पत्र**

१. परिचयः

२. कार्यक्रमको नामः

३. सम्झौता अवधिः

४. कार्यक्षेत्रः

५. प्रथम पक्षको जिम्मेवारीः

६. दोस्रो पक्षको जिम्मेवारीः

७. बजेट र वित्तीय कार्यविधिः

७.१ परियोजनाको कुल बजेटः

७.१.१ परियोजनाको बजेटमा प्रथम र दोस्रो पक्षको लागत विवरणः

७.१.२ बजेट रकमान्तरः

७.१.३ परियोजनाको विस्तृत बजेट विवरणः

७.२ बजेट निकासाः

८. लेखा परीक्षण तथा प्रतिवेदनः

९. अनुगमन तथा मूल्यांकनः

९.१ कार्यक्रम अनुगमन तथा समन्वय समितिले

९.२ नगरपालिकास्तरीय अनुगमन तथा मूल्यांकन समितिले

१०. सम्झौताको खारेजी सम्बन्धि व्यवस्थाः

११. परियोजना हस्तान्तरणः

१२. विविधः

माथि उल्लिखित शर्तका अधिनमा रही मिति ............. मा दुवै पक्षद्वारा हस्ताक्षर गरियो ।

प्रथम पक्षको तर्फबाट

.............

दोस्रो पक्षको तर्फबाट

.............

साक्षीहरुः

**आज्ञाले,**

राजकुमार के.सी.

प्रमुख प्रशासकीय अधिकृत

*मूल्य रु. १०।-*